# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन ४ गते २०३२ साल

श्री ५ को सरकार

**शिक्षा मन्त्रालयको**

**सूचना**

नेपाल राष्ट्रिय पुस्तक विकास समिति (गठन) आदेश, २०३२

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः–(१) यस आदेशको नाम "नेपाल राष्ट्रिय पुस्तक विकास समिति (गठन) आदेश, २०३२" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. समितिको गठनः–(१) नेपाल राष्ट्रिय पुस्तक विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन्:–

(क) माननीय शिक्षामन्त्री वा राज्यमन्त्री — — — — — — अध्यक्ष

(ख) सचिव, शिक्षा मन्त्रालय— — — — — — — — — सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२७८५

(ग) सह-सचिव, शिक्षा मन्त्रालय, प्राविधिक शाखा— — — — सदस्य
(घ) उप-सचिव, शिक्षा मन्त्रालय, यूनेस्को यूनिसेफ उपशाखा— — सदस्य
(ङ) श्री ५ को सरकारबाट मनोनीत बाह्रजनादेखि अठारजनासम्म— सदस्य
(च) मुख्य प्रशासक, जनक शिक्षा सामग्री केन्द्र— — — सदस्य–सचिव

(३) उप-दफा (२) को खण्ड '(ङ)' बमोजिमका सदस्यहरू मनोनीत गर्दा पुस्तक विक्रेता, मुद्रक, प्रकाशक, लेखक, अनुवादक, पुस्तक रूपाङ्कनकर्ता (बूक डिजाईनर), पुस्तकालयप्रतिनिधि तथा यूनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगका कम्तिमा एक एकजना प्रतिनिधि रहने गरी मनोनीत गरिनेछ।

(४) उप-दफा (२) को खण्ड '(ङ)' बमोजिम मनोनित सदस्यको कार्यविधि तीन वर्षको हुनेछ।

(५) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरूमा थपघट वा नाममा हेरफेर गर्न सक्नेछ।

(६) अध्यक्ष र सदस्य-सचिवको अतिरिक्त सातजना सदस्यसम्म उपस्थित भएमा समितिको गणपूरक संख्या पूरा भएको मानिनेछ।

(७) समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत समेत दिन पाउनेछ।

(८) समितिको आमन्त्रणमा श्री ५ को सरकारको कुनै अधिकृत, विदेशी सल्लाहकार वा विशेषज्ञ समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित रहन सक्नेछ।

३. समितिको काम, कर्तव्य र अधिकारः– (१) स्वस्थ पुस्तक उद्योगबाट राष्ट्रलाई अधिकतम फाइदा हुने तथा शिक्षाको राष्ट्रिय लक्ष्यहरू प्राप्तिको लागि पुस्तक विकासलाई प्रोत्साहन हुने परिस्थितिको सृजना गरी सरकारी तथा गैर सरकारी क्षेत्रमा समन्वय ल्याउनु समितिको मुख्य कर्तव्य हुनेछ।

(२) उप-दफा (१) बमोजिमको कर्तव्य पालनको लागि समितिले निम्नलिखित कामहरू गर्न सक्नेछः–

(क) पुस्तक उद्योग तथा व्यापारसम्बन्धी समस्याहरूसंग सम्बन्धित सरकारी तथा गैर सरकारी क्षेत्रका सबै संघ तथा संस्थाहरूलाई आपसी सम्पर्कमा ल्याई सबैलाई पुस्तक क्षेत्रका सबै किसिमका समस्या र महत्त्वहरूसंग परिचित गराई दिनु, शैक्षिक, आर्थिक तथा सामाजिक विकास, अन्तर्राष्ट्रिय समझदारी र शान्तिपूर्ण सहयोगको लागि पुस्तकको महत्त्वबारे अवगत गराउनु र प्रगतिको समीक्षा र समस्याहरू अध्ययन गरी सुधारका उपायहरू दिनु,

(ख) एक मात्र स्थायी तथा समन्वयात्मक केन्द्रीय निकायको रूपमा राष्ट्रिय, आर्थिक, सामाजिक तथा शिक्षा योजनाको सन्दर्भमा पुस्तक उद्योग विकास–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
८८७९

सम्बन्धी नीति र योजनाको निर्माण गरी समन्वय कायम गर्न सरकारी तथा गैर सरकारी अङ्ग तथा संस्थाहरूछेउ प्रस्तुत गर्नु,

(ग) पुस्तक उद्योग क्षेत्रसम्बन्धी व्यावसायिक संघ संस्थाको गठनको लागि प्रोत्साहित हुने कारवाई गर्नु र गठन भै सकेकोलाई आवश्यक प्रोत्साहन दिई मजबूत तुल्याउनु,

(घ) सबै उमेरका पाठकहरूमा पुस्तक पढ्ने बानी बसाल्न र बढाउन पुस्तक मेला, पुस्तक साता, पुस्तकालय हप्ता, विज्ञापन आयोजना गर्नु तथा अरू सम्भव आम सञ्चारका माध्यम प्रयोग गरी यस्तै उपयुक्त कदम चाल्नु,

(ङ) पुस्तक उद्योगसम्बन्धी समस्याहरूको अध्ययन र अनुसन्धानको लागि आवश्यक सहयोग र प्रोत्साहन दिनु,

(च) पढ्ने बानी, पुस्तकको खांचो, पुस्तक उद्योग व्यवसाय आदि बारे सर्वेक्षण गरी गराई, पुस्तक विकाससम्बन्धी भए गरेको काम कारवाईको प्रचार समाचारपत्रहरू तथा पुस्तक उद्योग क्षेत्रसंग सम्बन्धित सबैछेउ पुऱ्याई दिनु,

(छ) पुस्तक उद्योगसंग सम्बन्धित सबै क्षेत्रका कामदारमा उच्च व्यावसायिक प्राविधिक तथा नैतिक धरातल कायम गर्न प्रोत्साहन दिनु,

(ज) सम्बन्धित संघ संस्थाको लागि आचार संहिताको तर्जुमा गरी लागू गर्नु र सोको उल्लङ्घन भएको अवस्थामा यथोचित प्रकाशमा ल्याउनु र प्रतिलिपि अधिकार तथा पुस्तक उद्योगसम्बन्धी कानूनको उपेक्षा भएमा कानूनी कारवाई हुनाको लागि आवश्यक कदम चाल्नु,

(झ) पुस्तक उद्योगमा लागेका सबै तहका मानिसहरूको दक्षता बढाउन उपयुक्त प्रशिक्षण, गोष्ठी वा सेमिनारको आयोजना गर्नु,

(ञ) समान उद्देश्य र समान काम कर्तव्य भएका अन्तर्राष्ट्रिय तथा अरू देशका यस्तै संस्थाहरूसंग सम्पर्क राख्नु र तिनीहरूसंग सहयोग र सहायताको आदान–प्रदान गर्नु,

(ट) श्री ५ को सरकारको शिक्षा नीतिको पृष्ठभूमिमा पाठ्यपुस्तकहरूको लेखाजोखा गरी सम्बन्धित सरकारी तथा गैर सरकारी क्षेत्रमा आवश्यक प्रतिवेदन प्रस्तुत गर्नु,

(ठ) उल्लिखित उद्देश्यहरूको परिपूर्तिको लागि अन्य आवश्यक कामहरू गर्नु ।

४. उप-समिति गठन गर्न सकिने:– (१) श्री ५ को सरकारको पूर्व स्वीकृति लिई समितिले आवश्यकता अनुसार सप-उमितिहरू गठन गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिमको उप-समितिको सदस्यहरूमा आवश्यकता अनुसार समितिभित्रका र बाहिरका व्यक्तिहरू पनि समावेश गर्न सकिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. समितिको कोष र आर्थिक कारोबारः– (१) समितिको कार्य सञ्चालनको लागि एउटा कोष हुनेछ जसमा देहायको रकमहरू रहनेछन्:–

(क) श्री ५ को सरकारबाट प्राप्त अनुदानको रकम,

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिहरूबाट स्वेच्छामा प्रदान गरिएको रकम,

(ग) अन्य स्रोतबाट प्राप्त रकम।

(२) उप-दफा (१) बमोजिमको कोषको सञ्चालन समितिले बनाएको नियम बमोजिम हुनेछ।

(३) समितिले बनाएको नियममा तोकिए बमोजिम समितिको आय–व्ययको लेखा राखिनेछ।

६. लेखापरीक्षणः– (१) समितिको लेखापरीक्षण प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

(२) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाव–किताव जाँच्न जचाउन सक्नेछ।

७. अधिकार प्रत्यायोजन गर्न सकिनेः– समितिले आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्यहरूको उप-समिति वा सदस्य–सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

८. समितिको कार्य व्यवस्थाः– (१) सदस्य-सचिवले समितिको निर्देशानुसार समितिको तर्फबाट ठेक्का–पट्टासम्बन्धी सबै काम गर्नेछ र त्यसरी गरिएको ठेक्का–पट्टा समितिले गरेको मानिनेछ।

(२) सदस्य-सचिवले समितिको दैनिक कार्य सञ्चालन स्तरको सबै काम गर्नेछ र समितिको निर्णय वा आदेशहरू प्रमाणित गर्नेछ।

९. श्री ५ को सरकारसंग सम्पर्कः– समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा शिक्षा मन्त्रालयमार्फत सम्पर्क राख्नुपर्छ।

१०. नियमहरू बनाउन सक्नेः– समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यसरी बनाइएका नियमहरूमा श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ।

११. समितिको कार्यालयः– समितिको कार्यालय काठमाडौंमा रहनेछ।

आज्ञाले–

कृष्णबहादुर मानन्धर

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।